**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १८ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. वक्फ ऐनको विरोधमा भएको विरोध प्रदर्शनपछि मुर्शिदाबादमा भएको हिंसाबीच राज्यको राज्यपाल सीवी आनन्द बोस आज मालदा पुग्नु भएको छ।

२. आज गुड फ्रइडेको अवसरमा देश-विदेश साथै दार्जीलिङ्ग पार्वतीय क्षेत्रका मानिसहरुले पनि प्रभु ईशु मसिहको बलिदानको स्मरण गरिरहेका छन्।

३. भारतले पश्चिम बंगालको घटनाक्रममा बंगलादेशका अधिकारीहरूको टिप्पणीहरूलाई खारिज गरेको छ।

४. शिक्षक घोटाला मामलामा सर्वोच्च न्यायलयद्वारा नियुक्ति खारेज गरिएका शिक्षकहरूले स्थायी समाधानको मांग गर्दै आज सिलगढ़ीमा विरोध प्रदर्शन गरेका छन्।

५. आज विश्व धरोहर दिवसको उपलक्ष्यमा दार्जीलिङ्ग हिमालायन रेलवेले विध्यार्थीहरुका लागि निःशुल्क जोय राइड सेवा प्रदान गर्यो।

**राज्यपाल**

वक्फ ऐनको विरोधमा भएको विरोध प्रदर्शनपछि मुर्शिदाबादमा भएको हिंसाबीच पश्चिम बंगालका राज्यपाल सीवी आनन्द बोस आज मालदा पुग्नु भएको छ। उहाँ भोलि मुर्शिदाबाद जाने योजना छ। राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले राज्यपाललाई मुर्शिदाबाद भ्रमण स्थगित गर्न अनुरोध गर्नु भएको थियोए जसलाई राज्यपालले बेवास्ता गर्नु भएको छ। राज्यपाल आज बिहान ९ बजी सियालदह रेलवे स्टेशनबाट रेलमार्फत मालदा जानु भएको हो। मालदा सर्किट हाउसमा आज रात बिताए पछि उहाँले भोलि मुर्शिदाबादमा हिंसा प्रभावित क्षेत्रहरूको भ्रमण गर्नु हुनेछ। राजभवन सूत्र अनुसार राज्यपालले भोलि शमशेरगञ्ज, धुलियान, सुत्ती र फराक्का जस्ता क्षेत्रको भ्रमण गर्न सक्नुहुनेछ। वक्फ ऐनको विरोधमा हालै यी क्षेत्रहरूमा हिंसा भड्किएको थियो जसमा तीन जनाको मृत्यु भएको थियो। राज्यपालले मृतकका परिवारलाई भेट्ने योजना बनाउनु भएको छ। अर्कोतर्फ राष्ट्रिय महिला आयोगको टोली आज मालदा पुगेको छ। टोलीका सदस्यहरूले हिंसाका कारण घर छोड्न बाध्य भएका मानिसहरूलाई भेटिरहेका छन् र शिविरहरूको निरीक्षण गरिरहेका छन्। उल्लेखनीय छ कि राज्य सरकारले मुर्शिदाबादमा भएको हिंसाको घटनाको अनुसन्धान गर्न २० सदस्यीय विशेष अनुसन्धान टोली (SIT) गठन गरेको छ। हाई कोर्टले विस्थापितहरूलाई फर्काउनका लागि समिति गठन गर्न निर्देशन दिएको छ र प्रभावित क्षेत्रमा केन्द्रीय बलको तैनाथी पनि सुनिश्चित गरिएको छ।

**गुड फ्राइडे-प्रधानमन्त्री**

आज गुड फ्राइडे हो। यो दिन प्रभु येशू ख्रीष्टलाई क्रूसमा टाँगिएको सम्झनामा मनाइन्छ। यस दिन प्रभु येशूले मानिसलाई पापबाट मुक्त गर्न आफ्नो जीवन बलिदान गर्नुभएको थियो। गुड फ्राइडेमा मानिसहरूले मानवता र आपसी भाइचारालाई बलियो बनाउने प्रतिज्ञा लिँदछन्।

**गुड फ्राइडे-ममता व्यानर्जी**

आज गुड फ्राइडेको पावन अवसरमा पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले राज्यवासी तथा विश्वभरिका ईसाई समुदायलाई शुभकामना दिनु भयो। उहाँले यस दिनलाई तपस्या प्रार्थना तथा बलिदानको प्रतीक बताउनुभयो। मुख्यमन्त्रीले आफ्नो सन्देशमा भन्नुभयोए यो दिन आत्मचिन्तनए संयम औ त्यागको अवसर हो। उहाँले सबै ईसाई धर्मावलम्बीहरूको यो दिन मंगलमय तथा शान्तिपूर्ण रहोस् भन्नु प्रार्थना पनि गर्नुभयो। स्मरण रहोस्ए प्रत्येक वर्ष गुड फ्राइडेलाई प्रभु यीशु मसिहको

बलिदानको स्मृतिमा मनाइन्छ। यस दिन गिरजाघरहरूमा विशेष प्रार्थना हुन्छ साथै श्रद्धालुहरूले मौन व्रतए उपवास एवं सेवा कार्यहरूमा भाग लिन्छन्।

**दार्जीलिङ गुड फ्राइडे**

प्रभु यिशू ख्रीष्टले संसारभरिका मानिसहरूलाई मुक्ति दिनलाई क्रूसमा बलिदान भएको दिनको सम्झनामा आज दार्जीलिङको चौरास्तामा खुल्ला प्रचार कार्यको आयोजना गरियो। दार्जीलिङ कागझोडा स्थित माउन्ट पिस्गा चर्च अनि २८ वटा शाखा मण्डलीको इसाइ धर्मावलम्बीहरूको उपस्थितिमा सम्पन्न प्रचार कार्यक्रममा माउण्ट पिस्गा चर्चका अग्रज एवं जिम्मेवारी प्रेम तामाङले प्राथनाद्वारा प्रचार कार्य आरम्भ गरियो। यो कार्यक्रम गुड फ्राइडे किन गुड भन्ने सन्देशलाई केन्द्रमा राखेर प्रचार गरिएको थियो। कार्यक्रमको सञ्चालन दानियल नेम्बाङले गरेका थिए। नेपाली, बंगाली र अङ्ग्रेजी तीनै भाषामा प्रभु येशूको प्रेम बलिदान र मुक्ति सन्देशको प्रचार गरियो। कार्यक्रममा एकल गीत सामूहिक गीत तथा बालबालिकाहरुले अभिनय पनि प्रस्तुत गरेका थिए।

**विदेश मन्त्रालय बंग्लादेश**

भारतले पश्चिम बंगालको घटनाक्रममा बंगलादेशका अधिकारीहरूको टिप्पणीहरूलाई खारिज गरेको छ। विदेश मन्त्रालयको प्रवक्ता रणधीर जयसवालले भन्नुभयो, यस्तो टिप्पणीहरू बंगलादेशमा अल्पसंख्यकहरूको उत्पीड़नमा भारतको चिन्ताको अनुरुप अभिव्यक्तिको छल, कपटपूर्ण प्रयास हो। उहाँले बंगलादेशमा अल्पसंख्यकहरूको उत्पीड़न गर्ने अपराधीहरू अहिले पनि खुल्ला रूपमा घुमी रहेको छ भन्नुभयो। बंगलादेश अनुचित टिप्पणीहरू गर्नको सट्टा अल्पसंख्यकहरूका अधिकारीहरूको रक्षामा ध्यान केन्द्रित गर्नु पर्ने प्रवक्ता जयसवालले बताउनु भयो।

**शिक्षक-सिलगढ़ी प्रदर्शन**

सर्वोच्च न्यायलयले पश्चिम बंगालका नियुक्ति खारेज गरिएका शिक्षकहरूलाई ३१ दिसम्बरसम्मका लागि काममा फर्कन सक्ने राहत दिए पनि बेरोजगार शिक्षकहरू काममा फर्कन चाहिरहेका छैनन्। उनीहरूले अदालतसमक्ष स्थायी समाधानको माग गरिरहेका छन्। यसै विषय लिएर आज सिलगढ़ी शहरको मुख्य सडकमा बेरोजगार शिक्षकहरूले विरोध प्रदर्शन तथा र्‍याली आयोजन गरे। विरोध र्‍याली सिलगढीको एयरभ्यू मोड़देखि शुरू भएर हाशमी चोकमा पुगी पथसभामा परिणत भयो। यसैबिच शिक्षकहरुले सर्वोच्च न्यायलयको निर्णयबाट खुसी नरहेको बताउँदै सबैको नोकरी फिर्ता हुनुपर्ने आफूहरूको माग रहेको बताएका छन्।

**शिक्षक धरना-मालदा**

योग्य शिक्षकहरूको बहालीको माग तथा शिक्षकहरूमाथि भएको पुलिसको अत्याचारको विरोधमा मालदा जिल्लाका शिक्षाकर्मीहरूको एक समूहले भोक हड़ताल शुरू गरेको छ। आज बिहान शिक्षकहरूले मालदा शहरको पोस्ट अफिस मोड़मा एक अस्थायी शिविर स्थापना गरी विरोध प्रदर्शन गरे। प्रदर्शनमा सामेल शिक्षकहरूले पश्चिम बंगालमा शिक्षा प्रणालीको वर्तमान स्थितिको विरोधमा आन्दोलन शुरू गरेको बताएका छन्। लगभग २६००० शिक्षकहरूको उत्पीड़न तथा शिक्षक समुदायमाथि भएको लट्ठीचार्जको विरोधमा भोक हड़तालको माध्यमबाट धर्ना प्रदर्शनमा सामेल भएको उनीहरूको भनाइ छ। उनीहरूको मुख्य मागहरूमा पारदर्शी शिक्षक भर्ती, शिक्षकहरूको सम्मान बहाल तथा शैक्षिक वातावरणलाई भ्रष्टाचारमुक्त बनाउनु सामेल छन्। नेताजी इण्डोर स्टेडियममा भएको बैठकमा मुख्यमन्त्रीले आशा कायम राख्ने आश्वासन दिए तापनि आफूहरू यसप्रति अलिकति पनि आशावादी नरहेको उनीहरूको भनाइ छ।

**डीएचआर**

आजस विश्व धरोहर दिवसको अवसरमा दार्जीलिङ हिमालयन रेलवे डीएचआर-ले विद्यार्थीहरूलाई निशुल्क जोइ राइड सेवा दिने घोषणा गरे अनुरूप आज विभिन्न विद्यालयका विद्यार्थीहरूले जोइ राइडको आनन्द लिए। दार्जीलिङ हिमालयन रेलवे (डीएचआर)-को वाष्प इञ्जिजन नम्बर ७८२ बी-ले हिजो आफ्नो निरन्तर सेवाको १२५ वर्ष पूरा गरेको अवसरमा घूम रेलवे स्टेशनमा आयोजित कार्यक्रमपछि डीएचआरका निर्देशक ऋषभ चौधरी लगायत रेलवे अधिकारीहरूले

उक्त घोषणा गर्नु भएको थियो। हिजो बी क्लास स्टीम लोकोमोटिभ नम्बर ७८२ बी-ले आफ्नो गौरवशाली सेवाको १२५ वर्ष पूरा गरेको अवसरमा विश्वकै सबैभन्दा उचाइमा अवस्थित घूम रेलवे स्टेशनबाट संसदीय स्थायी समितिका अध्यक्ष डा. सीएम रमेशले उत्तरपूर्वी सीमान्त रेलवेका महाप्रबन्धक चेतन कुमार श्रीवास्तव डीएचआर-का निदेशक ऋषभ चौधरी लगायत अन्य गण्यमान्य व्यक्तिहरूका साथमा युनेस्कोबाट विश्व विरासत प्राप्त गरिसकेको वाष्प इञ्जिन जड़ित रेललाई हरियो झण्डी देखाएर प्रस्थान गराउनु भएको थियो। टोलीको नेतृत्व समितिका अध्यक्ष डा. सी.एम. रमेशले गर्नु भएको थियो। यस अवसरमा बोल्दै डीएचआर-का डाइरेक्टर ऋषभ चौधरीले दार्जीलिङ रेलवे स्टेशनलाई यसको विगतको गौरवमा पुनर्स्थापित गरिने बताउनु भयो। यसका लागि विस्तृत परियोजना प्रतिवेदन अन्तिम चरणमा पुगेको जनाउँदै उहाँले दार्जीलिङ स्टेशनलाई आधुनिक संवेदनशीलताका साथ पुनर्स्थापित गरिने जानकारी दिनुभयो।

**खरसाङ गेसुवा**

गोर्खा एक्स सर्भिसमेन वेलफेयर एसोसिएशन, गेसवा-ले एसोसिएशनको ५० औं स्थापना दिवसको उपलक्ष्यमा आगामी २३ अप्रेलको दिन खरसाङको पार्क लोकेशन सार्वजनिक भवनमा विविध कार्यक्रमसँगै जनसाधारणको हितमा एउटा विशेष स्वास्थ्य शिविरको आयोजना गर्ने जानकारी पाइएको छ।

एक रिपोर्टः बाइट

****** ० ******

**कालेबुङ ग्लास हाउस**

कालेबुङ–१ पञ्चायत समिति अन्तर्गत डेलो पार्क परिसरमा निर्माण गरिएको ग्लास हाउसको आज एक विशेष समारोहबीच उद्घाटन गरियो। यो संरचनाको उद्घाटन कालेबुङका विधायक रूदेन सादा लेप्चाको बाहुलीबाट गरिएको हो। समारोहमा खण्ड विकास अधिकारी समिरूल इस्लाम, पञ्चायत समिति सभापति ममता गुरूङ, उपसभापति उत्तम राई, पञ्चायत प्रधान कर्माध्यक्ष ब्रिजिता घिमिरे तथा पञ्चायत प्रधान अगस्टिन तामाङ विशेष अतिथिका रूपमा उपस्थित थिए।

**दार्जीलिङ भागोप**

गोर्खाल्याण्ड राज्य गठनलाई मूलरूपले अघि राखेर भोलि भारतीय गोर्खा परिसंघले दार्जीलिङमा एक सभाको आयोजना गर्ने तय गरेको छ। जसको लागि उत्तर-पूर्वी क्षेत्रका भारतीय गोर्खा परिसंघका पदाधिकारीहरूको दार्जीलिङ आगमन भइसकेको छ। स्थानीय मारवाड़ी सहायक समिति भवनमा सम्पन्न हुने यस बैठकमा मूल रूपले अलग राज्य गोर्खाल्याण्डका साथै पर्जा-पट्टामाथि चर्चा गरिइने भागोप-का पदाधिकारीहरूले बताएका छन्।

**जनचेतना कार्यक्रम**

खरसाङ कलेजको एन.एस.एस अनि सिंगेल चिया बगान अन्तर्गत कोठी धुरा ग्राम सुधार समितिको तत्वधानमा आयोजित सात दिने कार्यक्रमको आज पाँचौं दिन आगलागी दुर्घटना बारे जनचेतना कार्यक्रमको आयोजना गरियो। यो कार्यक्रममा फाइर ब्रिगेड, खरसाङका अधिकारी श्री रोशन तामाङ अनि उहाँको सहयोगीहरूद्वारा उपस्थित मानिसहरूलाई आगलागी दुर्घटना बारे जानकारी दिनुभयो। सात दिवसीय कार्यक्रमको छैटौ दिन अर्थात भोलि शनिबार Save Earth for Life, NGO सिलगढ़ीका सदस्यहरूद्वारा Eco Brick from waste विषयमा जनचेतनामूलक कार्यक्रम गर्नेछन्।

****** ० ******